अमरगढी नगरपालिकाको कार्यालय
नगर कार्यपालिकाको कार्यालय
डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

**मिति: २०८१।६।१८ गते, समय: ११:०० वजे दिनको , बैठक संख्या: ३**

**कार्यपालिकाको वैठकका निर्णयहरु**

**प्रस्ताव नं. १**: अघिलो बैठकका निर्णयहरुको समिक्षा।

**निर्णय:** अघिलो कार्यपालिका बैठकको निर्णयहरु समिक्षा भयो। कार्यान्वयन हुन बांकी निर्णयहरु तत्काल कार्यान्वन गर्ने।

**प्रस्ताव नं. २**: सुधारिएको चुलो वितरण सम्बन्धमा।

**निर्णय:** श्री एसएनभी नेपालको साझेदारीमा यस नगरपालिका क्षेत्र भित्र चालु आवमा ५०० थान इन्डक्सन चुलो वितरण गर्न नगरपालिकाले प्रति चुलो रु १ हजार अनुदान थप गर्न रु ५ लाख चालु आवको कार्यक्रम म्याचिगं फण्डबाट खर्च व्ययभार वहन गर्ने।

**प्रस्ताव नं. ३**: कार्यविधि तथा मापदण्ड स्विकृत सम्बन्धमा।

**निर्णय:** विधायन समितिमा छलफल भई भएको निम्न कार्यविधि स्विकृतकालागि सैदान्तिक सहमति प्रदान गर्ने।

क. यु.एस.एड. एग्रिकल्चरल डाइरेक्ट फाइनान्सिगं प्रोजेक्ट (G2G) संचालन सम्मबन्धी कार्यविधि २०८१

**प्रस्ताव नं. ४**: नगर प्रहरी सम्बन्धमा।

**निर्णय:** अमरगढी नगरपालिकाको नगर प्रहरी गठन तथा संचालन कार्यविधि २०८० (प्रथम संशोधन २०८१) को दफा ६ अनुसार ११ जनाको संख्यामा नबढने गरि विज्ञापन भएकोमा नियुक्त हुने नगर प्रहरीहरुको आवास व्यवस्था कार्यालय हाता भित्र रहेको आवास भवनमा गरि सो को लागि लाग्ने खर्च नगर प्रहरी संचालन व्यवस्थापन शिर्षकबाट गर्ने।

**प्रस्ताव नं. ५**: संगठन तथा व्यवस्थापन सर्वेक्षण स्विकृत सम्बन्धमा।

**निर्णय:** यस नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) प्रतिवेदन अध्ययन पश्चात प्राप्त भएकाले बैठकमा छलफल भई स्विकृतकालागि नगर सभामा पेश गर्ने।

**प्रस्ताव नं. ६**: बाढी पहिरोबाट अबरुद्ध सडक संचालन गर्ने सम्बन्धमा।

**निर्णय:** अविरल वर्षाका कारण अबरुद्ध भएका नगरपालिका क्षेत्रका ग्रामिण सडकहरु संचालनमा ल्याउन कार्यालयको मेसिन तथा एउटा मेसिन भाडामा लिइ सडक संचालन गर्ने।

**प्रस्ताव नं. ७**: श्री हरिप्रसाद पाठकको हाजिरि सम्बन्धमा।

**निर्णय:** यस कार्यालमा वडा सचिव पदमा कार्यरत कर्मचारी श्री हरिप्रसाद पाठकलाई मिति २०८१।३।३१ निर्णय नं ८ बाट निर्णय भए अनुरुप श्री जिल्ला समन्वय समितिको कार्यालय डडेल्धुरामा फिर्ता पठाएकोमा जिससले हाजिर नगराई पुन फिर्ता पठाएको हुंदा यस कार्यालयमा हाजिर गराई वडा नं १० को वडा सचिवमा खटाउने।

**प्रस्ताव नं. ८**: चालु आवको योजना कार्यान्वय सम्बन्धमा।

**निर्णय:** यस कार्यालयबाट चालु आव २०८१।०८२ मा कार्यान्वयन हुने संघीय तथा प्रदेशका देहायका कार्यक्रमहरुको कार्यान्वयन गर्न बहुबर्षिय बोलपत्र आह्वान गर्ने।

क. मालम सडक रु २ करोड २५ लाख।

ख. राई बुडालि भडार सडक रु २ करोड २५ लाख।

ग. फोहोरमैला व्यवस्थापन रु ४८ लाख।

घ. अमरगढी किल्ला पुर्वाधार रु ५० लाख।

**प्रस्ताव नं. ९**: प्लास्टिक जन्य सामाग्रीको निषेध गर्ने सम्बन्धमा।

२०८१।६।१९

**निर्णय:** सरसफाईको व्यवस्थापन गर्न यस नगरपालिका क्षेत्र भित्र विक्रिवितरण हुने तोकिएको मापदण्ड भन्दा कमका प्लास्टिक झोलाहरु तथा मालाहरु निषेध गर्ने सम्बन्धमा र सो को बैकल्पिक व्यवस्थाका विकल्पहरु अपनाउन उधोग वाणिज्य संघ डडेल्धुरासंग छलफल गर्ने ।

**प्रस्ताव नं. १०:** भेरिएसन आदेश स्विकृत सम्बन्धमा ।

**निर्णय:** वडा नं. ७ मा निर्माणाधिन वडा कार्यालय र स्वास्थ्य चौकी भवनको बैठक हल निर्माण कार्यको कार्यालयबाट पेश भएको भेरिएसन आदेश नियमानुसार स्विकृत गर्ने ।

**प्रस्ताव नं. ११:** वजार व्यवस्थापन सम्बन्धमा ।

**निर्णय:** सुन्दर र सफा शहर निर्माणको लागि वजार क्षेत्रको व्यवस्थापन गर्न र हाल संचालनमा रहेको महाकाली राजमार्ग विस्तारको कार्यलाई समेत सहयोग गर्न देहायको वजार व्यवस्थापन व्यवस्थापन समिति गठन गरि कार्यान्वयन गर्ने ।

**तपशिल**

क. श्री खेमराज भट्ट वडा अध्यक्ष वडा नं १० संयोजक
ख. वडा अध्यक्ष श्री लोकबहादुर ऐर सदस्य
ग. वडा अध्यक्ष श्री हेमराज पन्त सदस्य
घ. वडा अध्यक्ष श्री परमानन्द साहु सदस्य
ङ. वडा अध्यक्ष श्री टंकबहादुर क्षेत्री सदस्य
च. वडा अध्यक्ष श्री नरबहादुर सांकी सदस्य
छ. वडा अध्यक्ष श्री खड्कबहादुर बोहोरा सदस्य
ज. कार्यपालिका सदस्य श्री राधिका जोशी सदस्य
झ. कार्यपालिका सदस्य श्री विष्णु अवस्थी सदस्य
ञ. कार्यपालिका सदस्य श्री प्रकाश जैरु सदस्य
ट. कार्यपालिका सदस्य श्री विष्णा गैराल सदस्य
ठ. श्री लालबहादुर सांउद सदस्य सचिव

२०७८।६।१८